Regd. No.: 114473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

चे.नं.: २३५, ०८०/०८१

मिति: २०८०/०९/०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषय: २०औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा अपि पावर कम्पनी लिमिटेडको मिति २०८०/०९/०५ गते, अपरान्ह ३:३० वजे वसेको संचालक समितिको वैठक, आ.व. २०८०/०८१, संख्या ७ को निर्णयानुसार कम्पनीको आ.व. २०७९/०८० को २०औं वार्षिक साधारण सभा मिति २०८० साल पौष २७ गते (तदानुसार 12th January, 2024) विहान ११:०० बजेबाट देहाय विषयहरुमा छलफल गरी निर्णय गर्न सभा संचालन हुनेहुँदा वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०८० साल पौष १८ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द (Book Close) रहने जानकारी अनुरोध छ ।

**२०औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०८० साल पौष २७गते (शुक्रबार, 12th January, 2024)
स्थान : वानेश्वर व्याङ्क्वेट, थापागाउँ, काठमाडौं ।
समय : विहान ११:०० बजे देखि

**२०औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७९/०८०को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्वन्धमा ।
२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८०को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्वन्धमा ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८०/०८१का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
२) कम्पनीले नयाँ आयोजनाहरुको पहिचान, विकास, प्रवर्द्धन गर्न लगानी गर्ने तथा अन्य कम्पनीवाट समेत प्रवर्द्धन भई विकास तथा निर्माण भईरहेको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने सम्वन्धमा ।

**ग) विविध ।**

भवदीय,

मधुसुदन कोइराला
कम्पनी सचिव

**बोधार्थ:**
श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal +977-01-5111093
info@apipower.com.np, apipowercompany@gmail.com www.apipower.com.np

Regd. No.: 114473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

**निर्णय प्रतिलिपि उतार**

अपि पावर कम्पनी लिमिटेडको मिति २०८० साल पौष ०५ गते बिहिवार बसेको संचालक समितिको बैठक, आ.व. २०८०/८१, संख्या ०७ को निर्णय प्रतिलिपि उतार।

**एजेण्डा नं.२: अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७९/०८० को २०औं वार्षिक साधारण सभा सम्बन्धमा :-** अपि पावर कम्पनी लिमिटेडको आ.व. २०७९/०८० को २०औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहाय बमोजिमका विषयहरुमा छलफल गरी सम्पन्न गर्ने निर्णय गरियो।

**२०औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०८० साल पौष २७गते (शुक्रबार, 12th January, 2024)

स्थान : बानेश्वर ब्याङ्क्वेट, थापागाउं, काठमाडौं।

समय : बिहान ११:०० बजे देखि

**२०औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७९/०८०को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८०को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

२) कम्पनीले नयाँ आयोजनाहरुको पहिचान, विकास, प्रवर्द्धन गर्न लगानी गर्ने तथा अन्य कम्पनीबाट समेत प्रवर्द्धन भई विकास तथा निर्माण भईरहेको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने सम्बन्धमा।

**ग) विविध।**

**२०औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरु:**

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ।

२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ।

३) २०औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०७९ साल पौष १८ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ। मिति २०८० साल पौष १८ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तीन कार्य दिनभित्र शेयर दाखेल खारेजका लागि प्राप्त शेयरहरुबाट कायम शेयरधनीहरु मात्र यस आ.व. २०७९/०८० को यस सभामा भाग लिन योग्य हुनेछन्।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौमा सम्पर्क राखी लिन सकिने छ। थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.npबाट प्राप्तगर्न सक्नु हुनेछ।

निर्णय प्रतिलिपि उतार प्रमाणित गर्ने
हस्ताक्षर:
नाम : मधुसुदन कोइराला
पद : कम्पनी सचिव
मिति : २०८०/०९/०५

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal +977-01-5111093
info@apipower.com.np, apipowercompany@gmail.com www.apipower.com.np